आज मिति २०७७।०६।०१ गते सन्धिखर्क नगरकार्यपालिकाको बैठक नगर प्रमुख श्री कमल प्रसाद भुसालज्यूको अध्यक्षतामा तपशिलको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णय गरियो ;

का.पा.बै.न. ३५/२, 2066/06 ट

| क्र.स. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | नगर प्रमुख श्री कमल प्रसाद भुसाल | |
| २. | सदस्य | उप प्रमुख श्री ठाकुर कुमार वि.क. | |
| ३. | सदस्य | श्री युवराज बन्जाडे | |
| ४. | सदस्य | श्री मोतिजङ्ग रायमाझी | |
| ५. | सदस्य | श्री लिला गौतम | |
| ६. | सदस्य | श्री कृष्ण प्रसाद श्रेष्ठ | |
| ७. | सदस्य | श्री राजेन्द्र भुसाल | |
| ८. | सदस्य | श्री कृष्ण प्रसाद आचार्य | |
| ९. | सदस्य | श्री प्रितम बहादुर थापा | |
| १०. | सदस्य | श्री ईश्वरी प्रसाद भुसाल | |
| ११. | सदस्य | श्री देवि बहादुर रायमाझी | |
| १२. | सदस्य | श्री लक्ष्मीनारायण चुँदाली | |
| १३. | सदस्य | श्री धुर्बराज आचार्य | |
| १४. | सदस्य | श्री नारायण खड्का | |
| १५. | सदस्य | श्री लक्ष्मी नेपाली | |
| १६. | सदस्य | श्री मान बहादुर सुनार | |
| १७. | सदस्य | श्री श्रृजना वि.क. | सृजना |
| १८. | सदस्य | श्री पदमा भुसाल | पद्मा |
| १९. | सदस्य | श्री यमकला थापा क्षेत्री | |
| २०. | सदस्य | श्री बसन्ता के.सी. | |
| २१. | सदस्य | श्री हिमकला टोमटा | |
| २२. | सदस्य | श्री रुपा वि.क. | |
| २३. | सदस्य संचिव | श्री कृष्णप्रसाद सापकोटा | |

- जम्मा उपस्थित - २० जना

- जम्मा अनुपस्थित - ३ जना

निर्णय नं. १

- मिति २०७७/५/३१ गते संञ्चालित गत आर्थिक वर्ष २०७६/०७७ को समीक्षा वैठकमा विभिन्न राजनैतिक दल, नागरिक समाज, संघ संस्थाबाट प्राप्त सुझावहरु क्रमश: कार्यान्वयन गर्ने ।

निर्णय नं. २

- उपप्रमुख श्री ठाकुरकुमार वि.क. बाट प्रस्तुत देहायका कार्यविधि स्वीकृत गर्ने।
  - सन्धिखर्क नगरपालिको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि -२०७७
  - सन्धिखर्क नगरपालिकाको सार्वजनिक जवाफदेहिता प्रर्वद्धन सम्वन्धि कार्यविधि -२०७७
  - सन्धिखर्क नगरपालिकाको सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन सम्वन्धि कार्यविधि,२०७७
  - योजना तर्जुमा, संचालन, अनुगमन तथा सुपरिवेक्षण कार्यविधि, २०७७
  - लैङ्गिक एवं मूल प्रवाहिकरण र पछाडि पारिएका व्यक्ति, वर्ग, समुदायको हित र प्रवर्धन गर्ने सम्बन्धि कार्यविधि, २०७७
  - लघु, घरेलु तथा साना उद्योग दर्ता, नविकरण, संचालन र नियमन सम्बन्धि कार्यविधि २०७७
  - ज्येष्ठ नागरिक मंच गठन तथा संचालन कार्यविधि, २०७७
- हालसम्म निर्माण भएका कानून, कार्यविधि र मापदण्डको प्रभावकारी कार्यान्वयनका लागि कार्यपालिकाका सदस्यहरु एवं कर्मचारीहरुका लागि पुर्नताजगि कार्यक्रम संचालन गर्ने ।

निर्णय नं. ३

- उपभोक्ता मार्फत सञ्चालन हुने वडास्तरीय योजनाहरु फाल्गुण मसान्त भित्रै सम्पन्न र फरफारक हुने गरी तत् तत् वडा कार्यालमै पुगेर असोज महिना भित्र सम्झौता गर्ने । वडास्तरीय योजना सम्झौता सम्बन्धि कार्यतालिका लगायतका अन्य विषय योजना शाखाले तयार पार्ने ।

निर्णय नं. ४

- ५ नं. प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयको खेदकूद संरचनाको पूर्वाधार निर्माण साझेदारी कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी मिति २०७७।५।३ गते प्रकाशित सूचनाको सम्बन्धमा देहाय गर्ने ।

क) सन्धिखर्क नगरपालिका वडा नं. १० स्थित भतेरचौर खेल मैदान निर्माण आयोजना छनौट गर्ने ।

ख) माग भएका विवरण समावेश गरी सम्बन्धित मन्त्रालयमा प्रस्ताव पठाउने ।

ग) सूचनाको बुँदा नं. ४ बमोजिमको २० प्रतिशत लागत साझोदारी रकम सुनिश्चित गर्ने ।

निर्णय नं ५

- पूर्णसरसफाई र वास प्लान सम्बन्धमा यस सन्धिखर्क नगरपालिकालाई पूर्ण सरसफाइ उन्मुख नगर बनाउने सन्धिखर्क नगरको नीति तथा कार्यक्रमको प्राथमिकता अनुसार यु एन हेबिटाटको आर्थिक तथा प्राविधिक सहयोगमा प्रकाश सचेतन समूह (प्राग) अर्घाखाँचीको सहजीकरणकामा यस नगरपालिकाको वडा नम्बर ७, ८ र १० मा गत आ. ब. मा लागू गरिएको पूर्ण सरसफाइ कार्यक्रम र उक्त कार्यक्रमको उपलब्धि र प्रभावकारिता राम्रो रहेकाले नगरका अन्य सबै वडाहरुमा सोही मोडलमा पूर्ण सरसफाइ कार्यक्रम विस्तार गर्दै जानेगरी यस वर्ष वडा नम्बर ६ मा पूर्ण सरसफाइ कार्यक्रम विस्तार गर्न प्राग अर्घाखाँचीलाई अनुरोध गर्ने र विगतमा पूर्ण सरसफाइ कार्यक्रम संचालन भएका वडा नम्बर ७, ८ र १० लाई पूर्ण सरसफाइ उन्मुख नमुना वडा घोषणा गर्नका लागि प्रागको प्राविधिक सहयोग रहने गरि जनशक्ति परिचालन र कार्यक्रमका लागि नगरपालिकाको तर्फबाट आवश्यक बजेट विनियोजन गर्ने निर्णय गरियो । साथै सन्धिखर्क नगरपालिकाको पूर्व योजना अनुसार नगरको खानेपानी सरसफाइ तथा स्वच्छता योजना (Wash Plan) निर्माण कार्य तत्काल सप्पन्न गर्नुपर्ने भएकाले आवश्यक बिज्ञहरु परिचालन गरि असोज मसान्तसम्म Wash Plan निर्माण गर्नका लागि अर्घाखाँची जिल्लामा खानेपानी सरसफाइको योजना निर्माण तथा कार्यक्रम कार्यान्वियन क्षेत्रमा कृयाशील संस्था प्रकाश सचेतन समूह (प्राग) लाई जिम्मा दिने।

निर्णय नं. ६

- अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०७५।८।१५ को निर्देशन सबै वडा कार्यालयलाई जानकारी गराउने र निर्देशनमा औल्याईएका विषयको अधिनमा रही कार्यसम्पादन गर्ने ।

निर्णय नं ७

- शहरी विकास तथा भवन निर्माण विभागद्वारा निर्माण भई साविक जिल्ला विकास समितिमा हस्तान्तरण भएको सभा हल स्थानीय तह घोषणापछि सन्धिखर्क नगरपालिकालाई हस्तान्तण गर्नुपर्नेमा हालसम्म हस्तान्तरण नगरिएको, ठूलो लागतमा निर्माण भएको उक्त भवन मर्मत सम्भारको अभावमा जीर्ण बन्दै गएको, जिल्ला समन्वय समिति अर्घाखाँचीले उक्त हलको केहि भाग स्थानीय सरकार संचालन ऐनको भावना र मर्म विपरित भाडामा लगाएको र नगरभित्रका सभा, सम्मेलन आदि संचालन गर्नको लागि हलको अभाव भएको हुँदा उक्त हललाई मर्मत सम्भार गरी चुस्त दुरुस्त राख्र संचालन तथा व्यवस्थापनको सम्पूर्ण दायित्व नगरपालिकामा हुन गरी उक्त हल सन्धिखर्क नगरपालिकालाई हस्तान्तरण गर्ने व्यस्थाका लागि श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र श्री शहरी विकास मन्त्रालय सिंहदरवार काठमाण्डौलाई अनुरोध गर्ने ।

निर्णय नं. ८

- मिति २०७७।०६।२९ गते सार्वजनिक सुनुवाई आयोजना गर्ने र उक्त कार्यक्रम प्रभावकारी रुपमा सम्पन्न गर्नको लागि सबै वडा कार्यालय र विषयगत शाखाहरुले आवश्यक गृहकार्य गर्ने ।

निर्णय नं ९ प्रकृती मैत्री सडक संरचना सम्वन्धमा सडक

- संरचनालाई प्रकृतीमैत्री बनाउनको लागि आयोजना कूल लागत मध्ये कम्तिमा २ % रकम समावेश गरी लागत अनुमान तयार गर्ने ।

निर्णय न. १०

- यस नगरपालिका भित्र निर्मित पुराना घर तथा संरचनाहरुको अभिलेखिकरण कार्यलाई यस बर्षको असार मसान्तसम्म निरन्तरता दिने ।

निर्णय न. ११

- सन्धिखर्क नगरपालिका वडा नं. ० गच्छे बजारदेखि शमसानघाटसम्मको सडक स्तरउन्नतीका लागि आवश्यक प्रक्रिया सुरु गर्ने ।

निर्णय न. १२

- नगरपालिका भित्रका दलित, आदिवासी, जनजाति, मुस्लिम, अपाङ्ग, एकल महिला, जेष्ठ नागरिक, कमजोर, विपन्न र जोखिमयुक्त समुदायको वर्तमान अवस्था (शिक्षा, स्वास्थ, रोजगारी, आवास रहन सहन लगायत) तिनको उत्थानका लागि चाल्नु पर्ने कदम लगायतका विषयहरुमा अध्ययन तथा अन्वेषण गरी तत्सम्बन्धमा गर्नु पर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषय पहिचान गरी प्रतिवेदन प्राप्त गर्ने र सो को आधारमा क्रमिक रुपमा समावेशि विकास कार्यक्रम संचालन गर्ने

निर्णय नं १३

- सन्धिखर्क नगरपालिकाको क्षेत्रभित्र कुनैपनि व्यक्तिको निजी जमीनमा घर, घडेरी वा घरासयी प्रयोजनको लागि उत्खनन् गरिने ढुंगा, माटो, बालुवा लगायतका खानीजन्य पदार्थको नियमानुसार राजश्व लिई उपभोग गर्न दिने ।
- सन्धिखर्क नगरपालिका क्षेत्र भित्र विभिन्न निकायबाट सञ्चालन हुने निर्माण सम्बन्धि कार्य गर्दा निस्कने निर्माण सामग्री उक्त योजनाको लागि आवश्यकता भन्दा बढी भएमा तोकिएको स्थानमा स्टक गर्न लगाइ स्टक प्रमाणित गरी नियमानुसार रोयल्टी लिइ अन्यत्र लैजान पाउने व्यवस्था गर्ने ।

निर्णय नं १४

- एक पालिका एक खेल मैदान कार्यक्रम अनुरुप सन्धिखर्क नगरपालिका वडा न १ मा निर्माणधिन बार्दिखोला खेलमैदान निर्माण कार्य अधुरो रहेको हुँदा निर्माण सम्पन्न गर्न लाग्ने विस्तृत लागत अनुमान तयार गरि निर्माण कार्य अगाडि बढाउन प्रदेश सरकार समक्ष माग गर्ने ।

निर्णय न. १५

- ऐतिहासिक प्राकृतिक सौन्दर्यता एवं सन्धिखर्क नगरपालिका भित्रको सबै भन्दा उचाइमा रहेको घोर्लासी भ्यू टावरमा जाने पदमार्ग निर्माण कार्यको लागि DPR तयार भएको र सो बमोजिम बजेट व्यवस्थापनको लागि प्रदेश नं. ५ को उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमा अनुरोध गर्ने ।

निर्णय नं १६ जोखिमयुक्त बस्ति स्थनान्तरण सम्बन्धमा ।

- सन्धिखर्क नगरपालिकाको वडा नं. ७ खाँचिकोट भुजुङ्गे लगायतका वस्ती भैगोलिक वनावट र वर्षातको कारणले अत्यन्तै जोखिम अवस्थामा रहेको र उक्त वस्तीको स्थानान्तरण नगरेमा ठूलो मानविय क्षती हुने सम्भावना रहेकोले तत्काल व्यवस्थापन गर्न नेपाल सरकार र नं. ५ प्रदेश सरकारका सम्बन्धित मन्त्रालयमा अनुरोध गर्ने ।

निर्णय न. १७ माटो परीक्षण सम्बन्धमा

- नेपाल सरकारको कृषि बजार पूर्वाधार निर्माण कार्यक्रम अन्तर्गत सन्धिखर्क नगरपालिका वाड नं एक हटारीमा प्रस्तावित कृषि हाट बजार तथा कोल्ड स्टोरको जग, जमीनको बनोट, माटोको किसिम, भारवहन क्षमता, जमिनमुनिको पानीको अवस्था, पानीको निकास, प्रस्तावित संरचना थाम्ने बनाउनका लागि अपनाउनुपर्ने उपाय, जमिनसँग सम्बन्धित अन्य संरचनाको डिजाइनका लागि आवश्यक मानक जस्ता विषयको एकिन गर्नको परामर्श सेवा मार्फत भूपरीक्षण (माटो परीक्षण) गर्ने ।